बालबालिकाका लागि बाइबल

को प्रस्तुती

# यर्मिया, आँसुको मानिस



लेखन: Edward Hughes

चित्र: Jonathan Hay

संयोजन: Mary-Anne S.

अनुवाद: Mrs. Trifaina Subba

प्रकाशक: Bible for Children
www.M1914.org

©2017 Bible for Children, Inc.
अनुमतिपत्र: यो कथा सित्तैंमा वितरण गर्नको निम्ति मात्र प्रतिलिपि गर्न वा छाप्न अनुमति दिइएको छ तर बिक्रीका लागि होइन।

यर्मियाको जन्म धार्मिक घर यहूदाको राज्यमा भएको थियो। तिनको पिता हिल्कियाह पूजाहारी थिए। तिनीहरू अनातोतमा बस्थे जो चाहिँ यरूषलेमदेखि टाढ़ा थिएनन्। हुनसक्छ यर्मियाका अभिभावकले तिनी पनि पूजाहारी हुन्छ भनेर सोचेका थिए तर परमप्रभुको अर्कै योजना थियो।





यर्मिया जन्मेको समयमा परमप्रभुका मानिसहरू परमेष्वरको वचन अनुसार जिइरहेका थिएनन्। सबैजना झूटा देवता-देवीहरूलाई पूज्दथे यहाँसम्म कि परमेष्वरको पवित्र मन्दिरमा पनि तिनीले पूज्दथे।

जब
यर्मिया
जवान भए
परमप्रभु
तिनीसंग
बोल्नुभयो,
“मैले तँलाई
रच्नभन्दा
अघिनै
चिनिसके”



“अनि मैले योजना
बनाए कि मेरो लागि तैले बोल्नेछस्।”



परमप्रभुको यस्तो सोरले तिनी डराए।
“अहँ, हे परमप्रभु परमेष्वर, हेर्नुहोस् मता बोल्नै जान्दिनँ, किनभने मता बच्चै छु” भनी तिनले भने। तिनी बालकभन्दा ठूलो थिए, तिनी 20 वर्शका थिए। तर यर्मियाले सोचेन कि परमेष्वरको विरूद्धमा भएका दुश्ट मानिसहरूलाई बोल्नलाउनुहुन्छ।



“नडराऊ” भनी परमप्रभुले यर्मियालाई भने। “सबै ठाउँ जाऊ, जहाँ म पठाउँछु अनि भन जे म



तिमीलाई भने, म तिमीसंग छु अनि तिमीलाई छुटकारा दिनेछु।”

त्यसपछि परमप्रभु केही अदभूत गर्नुभयो। परमप्रभुले यर्मियको मुखलाई छुनभयो।



परमप्रभुले यर्मियालाई षक्ति, साहस
अनि बुद्धि दिनुभयो। साहससाथ तिनले बोले
कि तिनीहरूलाई परमप्रभुले प्रेम अनि सहायता
गर्ने चाहनुहुन्छ तर कसैले
तिनलाई
सुनेनन्
यहाँसम्म
कि राजाले
पनि।



यहाँसम्म कि पूजाहारीहरू पनि रिसाए अनि परमेष्वरको विशयमा अब नभन्नू भनी चुप लगाए। त्यहाँ पनि झूटा अगमवक्ताहरू थिए जसले यर्मियाले बोलिरहेका कुरा झूटा हो भनी बताए।



यर्मियाले मानिसहरूलाई सम्झना गराए कि सय वर्शअघि उतारपट्टिको इस्राएलको दुश्ट राज्य अनि परमेष्वरको विशयमा हो भनी बताए। तिनीहरूका षत्रु अष्षूरले तिनीहरूलाई जिते अनि सबै इस्राएलीहरूलाई अर्कै जगमा लगे।



अब यहूदा दक्षिणपट्‌टिको दुश्ट राज्य अनि



परमप्रभुको विशयमा छ। षत्रु सेनाहरू हिँड़न षुरू गरिसके। के परमप्रभुले उहाँका मानिसहरूलाई जित्न अनि अर्कै जगमा लान दिनसक्नुहुन्छ?

मानिसहरूले तिनीहरूको मूर्तिहरूलाई भरोसा गर्दथिए। के तिनीहरूको मूर्तिले तिनीहरूलाई षत्रुबाट बचाउनसक्छ? सक्दैन!



परमप्रभुले मात्र बचाउन सक्नुहुन्छ। मानिसहरू यर्मियासंग रिसाए अनि तिनलाई मार्ने एउटा योजना बनाए तर परमप्रभुले उहाँको दासलाई रक्षा गर्नुभयो।



अन्तमा, परमप्रभुले यर्मियालाई केही कुरा भने जसले गर्दा तिनी छक्क परे। परमप्रभुले भन्नुभयो, “तिनीहरूले सहायताको पुकारा गर्दा पनि म तिनीहरूको बिन्ती सुन्नेछैन, तिनीहरूको लागि प्रार्थना नगर।”



बाबेलका सेनाहरूसंग तिनीहरू लड़ाई हार्नेछ भनी यषैयाले राजालाई चेताउनी दिए। राजा रिसाए अनि तिनलाई झ्याखानमा हाले। झ्यालखानमा पनि यर्मियाले प्रचार गरिरहे अनि परमप्रभुलाई भरोसा गरिरहे।



झ्यालखान बाहिर निकालेपछि तिनीले फेरि राजा अनि मानिसहरूलाई प्रचार गरे कि तिमीहरू परमप्रभुमा फर्केर आऊ अनि उहाँमाथि विष्वास गर। त्यस समय यर्मियालाई तल माटोको कालकोठरीमा हाले।



तर परमप्रभुले राजाको हृदयमा काम गर्नुभयो। राजाले रहस्यभइ यर्मियालाई बचाए अनि सोधे कि परमप्रभुले राजालाई के गर्नचाहनुहुन्छ,

"बन्दीमा जाऊ, अनि परमप्रभुले भने कि तिमी बाच्नेछौं"



भनी उत्तर थिए।

बाबेलका सेनाहरूले सबै यरूषलेम अनि यहूदालाई जिते। तिनीहरूले सबै पर्खाल झारे अनि महलहरू र सबै कुरा जलाइदिए।



परमप्रभुले उहाँका मानिसहरूलाई बन्दी भएर सŸ◌ारी वर्श बस्नु भनी भने अनि तिनीहरूलाई प्रतिज्ञाको देषमा फर्काइ ल्याउनेछ।



# यर्मिया, आँसुको मानिस

परमेश्वरको वचन बाइबलबाट लिइएको कथा

जुन

यर्मिया

"तपाईंका वचनको व्याख्याले ज्योति प्रदान गर्छ।"

भजनसंग्रह ११९:१३०

समाप्त

बाइबलको यो कथाले हाम्रा अद्भूत परमेश्वरको बारेमा बताउँदछ जसले हामीलाई बनाउनुभयो। तिमीले उहाँलाई चिन भन्ने उहाँ चाहनुहुन्छ।

हामीले खराब कामहरू गरेका छौं भन्ने परमेश्वर जान्नुहुन्छ जसलाई उहाँ पाप भन्नुहुन्छ। पापको सजाय मृत्यु हो, तर परमेश्वरले तिमीलाई यति धेरै प्रेम गर्नुहुन्छ कि तिम्रा पापको निम्ति क्रूसमा मरेर सजाय भोग्न उहाँले आफ्ना एकमात्र पुत्र येशूलाई पठाउनुभयो। त्यसपछि प्रभु येशू फेरि जीवित हुनुभयो र स्वर्गको आफ्नो घरमा जानुभयो। यदि तिमीले प्रभु येशूमा विश्वास गर्‍यौ र तिम्रा पापहरू क्षमा गरिदिन उहाँसँग बिन्ती गर्‍यौ भने उहाँले तिमीलाई क्षमा गर्नुहुनेछ। अनि उहाँ तिमीभित्र आएर वास गर्नुहुन्छ र तिमी सधैंभरि उहाँसँगै बस्नेछौ।

यदि तिमी यो कुरा साँचो हो भनी
विश्वास गर्छौ भने परमेश्वरलाई यसो भन:
प्यारो प्रभु येशू, तपाईं परमेश्वर हुनुहुन्छ, मेरा पापहरूको
निम्ति मर्न तपाईं मानिस बन्नुभयो र अहिले फेरि जीवित
हुनुभएको छ भनी म विश्वास गर्दछु । कृपा गरी मेरो
जीवनमा आउनुहोस् र मेरा पापहरू क्षमा गर्नुहोस् ताकि मैले
अहिले नयाँ जीवन पाउन र सधैंभरि तपाईंसँग बस्न सकूँ ।
तपाईंको आज्ञा पालन गर्न र तपाईंको सन्तान भएर तपाईंको
निम्ति जिउन मलाई सहायता गर्नुहोस् । आमेन ।

दिनहुँ बाइबल पढ र परमेश्वरसँग कुराकानी गर ।
यूहन्ना ३:१६